सरुमारानी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः८, संख्याः३, फाल्गुन १२ गते, २०८१ साल**

## भाग-१

## सरुमारानी गाउँपालिका

## <u>भाषा, संस्कृति तथा कलाको संरक्षण र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१</u>

स्वीकृत मितिः२०८१।११।१२

प्रमाणिकरण मितिः२०८१।११।१२

**<u>प्रस्तावनाः</u>** सरुमारानी गाउँपालिकाको भाषा, संस्कृति र कलाको पहिचान, अध्ययन तथा अनुसन्धान गरी भाषा, सँस्कृति र कलाको विकास, संरक्षण तथा सम्वर्द्धन गर्न वाञ्छनीय भएकोले, गाउँसभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### <u>संक्षिप्त नाम र प्रारम्भः</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "सरुमारानी गाउँपालिकको भाषा, संस्कृति तथा कलाको संरक्षण र विकास ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भए पछि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कला संस्कृति" भन्नाले सरुमारानी गाउँपालिकामा प्राचीनकालदेखि मानिसले समाज सापेक्ष सोच्ने, व्यवहार गर्ने लगायत चाडपर्व, नाचगान, भजन, साहित्य, कला, वास्तु आदिसँग सम्बन्धित व्यवहार, ज्ञान, प्रविधि र क्रियाकलाप सम्झनु पर्छ।

(ख) "गाउँपालिका" भन्नाले सरुमारानी गाउँपालिका सम्झनु पर्छ।

(ग) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गतको नियम वा निर्देशिकामा तोकिएको सम्झनु पर्छ ।

(घ) “समिति” भन्नाले दफा १५ बमोजिमको कला संस्कृति संरक्षण समिति सम्झनु पर्छ।

(ङ) “सम्पदा क्षेत्र” भन्नाले सरुमारानी गाउँपालिका क्षेत्रमा रहेको धार्मिक, साँस्कृतिक सम्पदा समेतलाई सम्झनु पर्छ।

(च) “संग्रालय” भन्नाले सरुमारानी गाउँपालिका क्षेत्र भित्र रहेको धार्मिक, सास्कृतिक संग्रालयलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## भाषा संरक्षण तथा विकासः

३. **सूची तयार गर्नु पर्नेः** (१) समितिले गाउँपालिका क्षेत्रभित्र सर्वेक्षण र अध्ययन गरी प्रचलित लोक भाषा र भाषिकाको पहिचान गरी सूची तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचीको आधारमा गाउँपालिकाभित्र बोलिने विभिन्न भाषा भाषिकाको वर्गीकरण गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सूची समितिले गाँउ कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

४. **भाषाको संरक्षण गर्नेः** (१) दफा ३ बमोजिमको वर्गीकरणको आधारमा गाउँपालिकाले प्रत्येक भाषाको संरक्षण गर्नेछ।

(२) उपदफा (१) बमोजिम भाषा संरक्षण गर्दा गाउँपालिका क्षेत्र भित्रका लोपोन्मुख तथा अल्पसङ्ख्यक भाषालाई प्राथमिकता दिनु पर्नेछ।

(३) दफा ३ बमोजिमको वर्गीकरणका आधारमा गाउँपालिकाभित्र मातृभाषाको प्रयोग विस्तार गरी भाषाको संरक्षण र उत्थान गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिमको प्रयोजनको लागि गाउँपालिकाभित्र मातृभाषाको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. **सिफारिस गर्न सकिनेः** गाउँपालिकाले आफ्नो गाउँपालिकाभित्र बोलिने स्थानीय भाषामध्ये सबै भन्दा बढी बोलिने भाषालाई सरकारी काम काजको भाषाको रूपमा समेत विकास गर्न प्रदेश सरकारलाई सिफारिस गर्न सक्नेछ।

## परिच्छेद-३

## संस्कृतिको संरक्षण, प्रवर्धन तथा विकास सम्बन्धी व्यवस्था

६. **विवरण तयार गर्नु पर्ने:** (१) गाँउपालिकामा रहेका धार्मिक तथा साँस्कृतिक सम्पदाको सर्वेक्षण गरी समितिले परिचयात्मक विवरण तयार गर्नु पर्नेछ।

(२) समितिले गाउँपालिका क्षेत्रभित्र रहेका धार्मिक तथा साँस्कृतिक सम्पदाको क्षेत्र र किसिमको वर्गीकरण गरी गाँउ कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

७. **धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्ने:** (१) दफा ३ बमोजिमको वर्गीकरणको आधारमा गाउँपालिकाले धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्नेछ।

(२) उपदफा (१) बमोजिम धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्दा प्रत्येक क्षेत्रका स्थानीय समुदायको सहभागितामा गर्न सकिनेछ।

(३) धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **इतिहास र लोकसंस्कृतिको विवरण तयार गर्ने:** (१) समितिले गाउँपालिकामा रहेका जात जातिको इतिहास र लोकसंस्कृति सम्बन्धी आधिकारिक विवरण तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरणको आधारमा गाउँपालिका क्षेत्रभित्र रहेका इतिहास र लोकसंस्कृतिको सम्पदाको संरक्षण गर्नु पर्नेछ।

९. **रीतिरिवाज र चाडपर्वको सम्वर्द्धन गर्नु पर्ने:** (१) समितिले गाउँपालिकाभित्र रहेका विभिन्न जाति र समुदायका लोक रीतिरिवाज र चाडपर्वको विस्तृत अध्ययन गरी तिनीहरूको विशेषता सहितको सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरणको आधारमा विभिन्न रीतिरिवाज र चाडपर्वलाई समुदायगत तथा जातिगत रूपमा वर्गीकरण गरी सो अनुरूप मान्यता र संरक्षण एवं व्यवस्थापनको जिम्मेवारी गाँउपालिकाले निर्धारण गर्नेछ।

१०. **सम्बन्धित निकायमा सिफारिस गर्न सकिने:** विभिन्न जाति, समुदाय र संस्कृति बीचको सद्भाव र सहिष्णुतालाई व्यापक बनाउन विषयलाई आधारभूत तहका शैक्षिक पाठ्यक्रममा समावेश गर्नको लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

## परिच्छेद-४

## लोक साहित्य र कलाको संरक्षण तथा विकास

११. **साहित्य र लोककला संरक्षण गरिने:** (१) समितिले गाँउपालिकामा रहेका विभिन्न जाति तथा भाषाभाषिकाका लोकगीत, लोककथा, गाउँखानेकथा, उखानटुक्का, परम्परागत भजन लगायतका लोक साहित्यका विभिन्न विधाको सर्वेक्षण र संकलन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको संकलन गरिएका साहित्य एवं लोककलाको संरक्षण तथा प्रवर्दन गर्नु पर्नेछ।

(३) साहित्य एवं लोककला संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **परम्परागत लोककलाको संरक्षण गर्नु पर्नेः** (१) समितिले गाउँपालिकाभित्रका विभिन्न जाति र समूदायका परम्परागत भौतिक लोककला एवं शिल्पकलाको सर्वेक्षण र अध्ययन गरी त्यस्ता कलाहरू उत्पादन गर्ने परम्परागत सीप र प्रविधिको अभिलेखीकरण गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिलेखको आधारमा मौलिक ज्ञान प्रणालीको जातिगत स्वामित्वको पहिचान र संरक्षण गर्नु पर्नेछ।

(३) परम्परागत भौतिक लोककला एवं शिल्पकलाका वस्तुहरू उत्पादन गर्न आवश्यक कच्चापदार्थहरू सुलभ तरिकाले उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **विद्यालयसँग समन्वय गर्न सकिनेः** गाँउपालिका भित्रका विभिन्न परम्परागत लोककलाको प्रवर्द्धन तथा विकास गर्नको लागि गाँउपालिका भित्र रहेका सबै विद्यालयसँग समन्वय गर्न सक्नेछ।

१४. **प्रदर्शनयोग्य कलाको संरक्षण गरिनेः** (१) गाउँपालिका भित्रका स्थानीय स्तरका प्रदर्शनयोग्य लोककलाहरू र त्यस्ता कला प्रदर्शन गर्ने परम्परागत ठाउँ, बाद्यसामग्री, प्रदर्शनका समयमा प्रयोग गरिने वस्त्र आभूषण समेतका बारेमा अध्ययन गरी सोको विवरण तयार गर्नु पर्नेछ।

(२) प्रदर्शनकारी लोककला प्रस्तुत गर्ने परम्परागत सीप र साधन अर्को पुस्तामा हस्तान्तरण गर्ने परम्परा अक्षुण राख्ने उपाय अवलम्वन गर्न र तत्सम्बन्धी सामग्री प्रदर्शनका लागि संग्रहालय स्थापना गर्न प्रोत्साहित गरिनेछ।

## परिच्छेद-५

## कला संस्कृति संरक्षण समिति सम्बन्धी व्यवस्था

१५. **कला संस्कृति संरक्षण समिति रहनेः** (१) गाँउपालिकाको भाषा, संस्कृति र कलाको संरक्षण र विकास सम्बन्धी व्यवस्था गर्न एक कला संस्कृति समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समिति देहाय बमोजिमको हुनेछः-

(क) गाँउपालिकाको अध्यक्ष -संयोजक

(ख) गाँउपालिकाको उपाध्यक्ष - सदस्य

(ग) वडा अध्यक्षहरुमध्येबाट अध्यक्षले मनोनयन गरेका उपलब्ध भएसम्म एक जना महिला सहित तीन जना - सदस्य

(घ) कला, संस्कृति विज्ञहरुमध्ये समावेशी सिद्दान्तको आधारमा अध्यक्षले मनोनयन गरेका तीन जना - सदस्य

(ङ) प्रमुख प्रशासकिय अधिकृतले तोकेको कर्मचारी/सम्पदा शाखा प्रमुख -सदस्य सचिव

१६. **समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) गाउँपालिकाभित्रका मठ, मन्दिर, चैत्य, मस्जित, विहार, पाटी, पौवा, सत्तल, देवालय, शिवालय, तथा प्राचीन कलात्मक सम्पदा एवं वस्तु आदिको लगत राख्ने,

(ख) खण्ड (१) बमोजिका सम्पदाहरुको रेखदेख गर्ने,

(ग) गाउँपालिका क्षेत्रभित्रका कला र संस्कृतिहरुको अध्ययन अनुसन्धान गराई सोको व्यवस्थित अभिलेख राख्ने, लगत राख्ने, संरक्षण प्रवर्धन गर्ने गराउने र विकासका लागि आवश्यक नीति तथा कार्यक्रम बनाई लागू गर्ने गराउने,

(घ) प्राचीन कला संस्कृति एवं सम्पदाहरु संस्कृतिलाई यथास्थितिमा र कलात्मक स्वरुप मै जोगाई राख्न जन चेतना जगाउन विभिन्न कार्यक्रमहरु गर्ने,

(ङ) प्रचारमा नआएका प्राचिन सम्पदा र संस्कृतिहरुको खोजी गरी त्यसको अभिलेख र लगत राख्ने,

(च) सांस्कृतिक क्षेत्रभित्र मौलिक शैलीमा घर, भवन र निजी सम्पदा बनाउन एवं पुनःनिर्माण गर्न अनुदानको लागि गाउँपालिकामा सिफारिस गर्ने,

(छ) कुनै व्यक्ति, संस्था वा सामुहिक रुपमा कुनै सत्तल, पाटी, ढुङ्गेधारा, पोखरी जस्ता सम्पदा हस्तान्तरण गर्न चाहेमा हस्तान्तरण गरी लिई सोको मौलिक शैलीमै संरक्षण गर्न गाउँपालिकामा सिफारिस गर्ने,

(ज) प्राचीन सम्पदाहरु बिगार्ने, नास्ने, मास्ने, क्षति पुऱ्याउने लगायतका कार्य गर्ने व्यक्ति वा संस्थालाई प्राचीन स्मारक संरक्षण ऐन अनुसार सजाय गर्न लेखी पठाउने,

(झ) गाउँपालिका भित्र रहेका भाषा भाषिकाको संरक्षण तथा प्रवर्द्धनका उपाय खोजि गर्ने र गाउँपालिकामा सिफारिस गर्ने।

१७. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक कम्तीमा तीन महिनामा एकपटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको सूची बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(३) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिको वरिष्ठ सदस्यले अध्यक्षता गर्नेछ।

(४) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(५) समितिले बैठकमा आवश्यकता अनुसार कुनै विज्ञ आमन्त्रण गर्न सक्नेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-६

## सम्पदा संरक्षण कोष सम्बन्धी व्यवस्था

१८. **सम्पदा संरक्षण कोषः** (१) गाउँपालिका भित्रका भाषा, संस्कृति र कलाको संरक्षण र विकास गर्नको लागि एक सम्पदा संरक्षण कोषको व्यवस्था गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकमहरु जम्मा हुनेछः-

(क) नेपाल सरकारबाट प्राप्त हुने रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(ग) गाउँपालिकाले सम्पदा संरक्षणको लागि छुट्याइएको रकम,

(घ) विभिन्न संघ संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने रकम,

(ङ) दान दातव्य लगायतका अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) बमोजिमको कोषको रकम यस ऐन बमोजिम गाउँपालिका भित्रका भाषा, संस्कृति र कलाको संरक्षण र विकासको लागि मात्र खर्च गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको कोषको रकम नेपाल राष्ट्र बैङ्कबाट "क" वर्गको ईजाजत प्राप्त बैंकमा खाता खोली जम्मा गरिनेछ र उक्त कोष गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा संचालन हुनेछ।

(५) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **कोषको लेखा र लेखापरीक्षणः** कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-७
## जरिबाना सम्बन्धी व्यवस्था

२०. **प्राचीन सम्पदा विरुद्धको कार्य गरे जारिबाना हुनेः** (१) कसैले यस ऐन बमोजिम प्राचीन सम्पदाहरुलाई बिगार्ने, नास्ने, मास्ने, क्षति पुऱ्याउने लगायतका कार्य गरेमा प्राचीन सम्पदा विरुद्धको कार्य मानिनेछ।

(२) प्राचीन सम्पदा विरुद्ध कार्य गर्ने व्यक्ति वा संस्थालाई समितिले रु. ५,००० देखि १०,००० सम्म जरिवाना गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्य गर्ने व्यक्तिलाई समितिले देहाय बमोजिम आदेश दिन सक्नेछः-

(क) वस्तुको कलात्मक स्वरुप यथावत कायम राख्न आदेश दिन,

(ख) क्षति भएको वस्तु यथास्थितिमा निर्माण गर्ने आदेश दिन, वा

(ग) अन्य उपयुक्त आदेश दिन।

(४) उपदफा (३) बमोजिमको आदेश पालना नगर्ने व्यक्ति वा संस्थालाई गाउँपालिकाबाट उपलब्ध हुने कुनै वा सबै सेवा सुविधा रोक्का राखी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको कार्य प्रचलित संघीय कानून बमोजिम सजाय हुने कसूर भएमा सम्बन्धित निकायमा आवश्यक कारबाहीको लागि लेखी पठाउनु पर्नेछ।

## परिच्छेद-८
## विविध

२१. **अनुदान दिन सकिनेः** स्थानीय कला, संस्कृति तथा भाषाको संरक्षण र विकाको क्षेत्रमा कार्यरत व्यक्ति, संस्था तथा परम्परागत लोककलाका उद्यमीलाई प्रोत्साहन गर्न गाउँपालिकाले प्रत्येक वर्ष प्रचलित कानून बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

२२. **अभिलेख राख्नु पर्नेः** (१) गाउँपालिका भित्र रहेका प्रदर्शनयोग्य कला, संगीत, नाट्यकला लगायत लोक संस्कृतिको अभिलेख गाउँपालिकाको सम्पदा शाखाले राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका प्रदर्शनयोग्य कला, संगीत, नाट्यकला लगायत लोक संस्कृतिको अभिलेखको लागि प्रचलित संघीय कानून बमोजिम स्थापना भएको राष्ट्रिय अभिलेखालयमा सुरक्षित राख्ने प्रयोजनको लागि पठाउनु पर्नेछ।

(३) गाउँपालिका आफैले राख्ने अभिलेख तथा राष्ट्रिय अभिलेखालयमा पठाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. **प्रचार प्रसार गरिनेः** (१) गाउँपालिका भित्र रहेका संस्कृतिका विभिन्न विधाका महत्वपूर्ण पक्षलाई स्थानीय तथा राष्ट्रिय संचार माध्यमबाट प्रचार प्रसार गर्न सकिनेछ।

(२) विभिन्न जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रम गर्ने, टेलिफिल्म, भिडियो बनाउने, विद्यालय एवं समूदायमा प्रदर्शन गर्ने कार्यक्रम संचालन गर्न सकिनेछ।

२४. **पुरस्कार तथा सम्मानः** (१) गाउँपालिका भित्रको साहित्य र संस्कृतिका विविध विधामा अनुसन्धान, संरक्षण, व्यवस्थापन लगायत सिर्जनात्मक कार्यमा योगदान पुऱ्याउने संघ संस्था एवं व्यक्तिको पहिचान गरी पुरस्कार दिइनेछ।

(२) साहित्य र संस्कृतिको क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याउने प्रतिभालाई गाउँपालिकाको सम्पदाका रूपमा सम्मान गर्ने, उनिको नाममा नाममा सांस्कृतिक प्रतिष्ठान संचालन गरी उनीको योगदानलाई सम्मान गरिनेछ।

(३) यस दफा बमोजिम पुरस्कार तथा सम्मान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **ऐन कर्यान्वयन मापनः** यो ऐन प्रारम्भ भएको मितिले तीन वर्षपछि गाउँ कार्यपलिकाले ऐन कार्यान्वयनको प्रभाव सम्बन्धमा मापन गर्नेछ र त्यस्तो प्रतिवेदन गाउँ सभामा पेश गर्नेछ।

२६. **नियम बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको नियम गाउँ कार्यपालिकाबाट स्वीकृत भए पछि लागू हुनेछ।

२७. **कार्यविधि वा निर्देशिका बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपलिकाले कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

आज्ञाले

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०८१।११।१२